बिजुवार प्रस्ताव नं. १

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान

लुम्विनी प्रदेश, नेपाल

**विषय:** नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) सम्वन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति : २०८२/०८/१२

**१. विषयको संक्षिप्त व्यहोरा:-** नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) सम्वन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषय :-** यस प्यूठान नगरपालिका अर्न्तगत झिमरुक र माड खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) उत्खनन, संकलन, विक्री कार्य कार्यालयबाटै सञ्चाल गर्नको लागि कार्यपालिकामा छलफल गर्नुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** यस प्यूठान नगरपालिका अर्न्तग झिमरुक र माडी खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) उत्खनन्, संकलन, विक्री कार्य लागि कार्यालयबाट विभिन्न मितिमा ३ पटक सम्म बोलपत्र आब्हान गर्दा सम्म कुनै पनि रितपूर्व बोलपत्र प्रस्ताव पेश नभएको हुँदा नदीजन्य पदार्थ संकलन, उत्खनन्, विक्री सम्बन्धी आय ठेक व्यवस्थापन हुन नसकि नगरपालिकाको आ.व. २०८२।०८३ को बार्षिक आन्तरिक आय अनुमा अनुसारको आन्तरिक आयको लक्ष्य प्राप्ती हुन नसक्ने देखिएकोले कार्यालयले आवश्यक व्यवस्थाप मिलाई कार्यालयमा मौजुदा जनशक्ति तथा श्रोत परिचालन गरि प्यूठान नगरपालिका क्षेत्र भित्रका ठेक व्यवस्थापन हुन नसकेका तपसिल बमोजिमका ३ वटा नाकाबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुव संकलन, उत्खनन्, विक्री कार्य प्रारम्भ हुने गरी निर्णय गर्नुपर्ने ।

तपसिल

| सि.नं. | नाका तथा सिमाना | कैफियत |
|---|---|---|
| १ | **नाका-१** भलावाङ, खैरा गोलापुर र वेलुवा घाट तल्लो (सिमाना: क्वाडी पक्की पुल देखी तल) | |
| २ | **नाका-३** टिकुरी बसपार्क क्षेत्र (सिमाना : बाग्दुला पक्की पुल देखी विजुवार पक्की पुल सम्म) | |
| ३ | **नाका-४** गेजवाङ/मरन्ठाना र दोयव माथी (सिमाना: बाग्दुला पक्की पुल देखी माथी) | |

**४. निर्णय हुनु पर्ने व्यहोरा :-** प्यूठान नगरपालिका अर्न्तगत झिमरुक र माडी खोलाबाट नदीजन्य पदा (ढुङ्गा, गिट्टी र वालुवा) उत्खनन्, संकलन, बिक्री कार्य गर्नका लागि कार्यालयमा मौजुदा जनशक्ति र श्रो परिचालन गरी प्रत्येक नाकाका लागि १/१ जना कर्मचारी नगदि रसिद सहित परिचालन गरी लुम्वि प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा लुम्बिनी प्रदेश सरकारको स्वीकृ दररेट बमोजिम नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) संकलन, उत्खनन्, विक्री कार्य प्यूठ नगरकार्यपालिकाको कार्यालयबाट सञ्चालन गर्ने गरि निर्णय हुनुपर्ने ।

**५.नगरकार्यपालिकाको निर्णय :-**

"निर्णय हुनुपर्ने ब्यहोरा उल्लेख भए बमोजिम हुने" ।

नगर प्रमुख

प्रस्ताव नं. २

वुदाँ नं. १ मा सम्वन्धित

प्यूठान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

**विषयः CC क्यामेरा जडान सम्बन्धमा।**

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति : २०८२/०८/१२

**१. विषयको संक्षिप्त व्यहोराः-** CC क्यामेरा जडान सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयः-** प्यूठान नगरपालिका वडा नं. ४ स्थित भौकामा दैनिक रुपमा हुने सवारी आवत जावतमा हुन सक्ने दुर्घटनाको निरीक्षण गर्नको लागि उक्त क्षेत्रमा CC क्यामेरा जडान गर्न आवश्यक भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः-** प्यूठान नगरपालिका वडा नं. ४ स्थित भौकामा दैनिक रुपमा हुने सवारी आवत जावतमा हुन सक्ने दुर्घटनाको निरीक्षण गर्नको लागि उक्त क्षेत्रमा २ (दुई) थान CC क्यामेरा जडान गर्न आवश्यक देखिएकोले तोकिएको क्षेत्रमा CC क्यामेरा जडान गरी कार्य सम्पन्न भएको हुँदा CC क्यामेरा जडान वापतको रकम भुक्तानीको लागि कार्यपालिकाबाट निर्णय गर्नुपर्ने भएकोले।

**४. निर्णय हुनु पर्ने व्यहोरा :-** प्यूठान नगरपालिका वडा नं. ४ स्थित भौकामा दैनिक रुपमा हुने सवारी आवत जावतमा हुन सक्ने दुर्घटनाको निरीक्षण गर्नको लागि उक्त क्षेत्रमा २ (दुई) थान CC क्यामेरा जडान गर्न आवश्यक देखिएकोले तोकिएको क्षेत्रमा CC क्यामेरा जडान गरी कार्य सम्पन्न भएको हुँदा CC क्यामेरा जडान वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

**नगर कार्यपालिकाको निर्णय :-**

"निर्णय हुनुपर्ने ब्यहोरा उल्लेख भएबमोजिम हुने"।

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ४
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१४५ औ कार्यपालिका बैठक(२०८२/०८/१३)**
**विषय:** म्याद थप सम्बन्धमा।
**प्रस्ताव पेस गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति :२०८२/०८/१२**
**१. विषयको संक्षिप्त व्यहोरा**:- आर्थिक वर्ष २०८२/०८३ मा प्यूठान नगरपालिकामा सञ्चालन हुने क्षेत्रगत झोलुङ्गे पुल (SWAP) कार्यक्रमअन्तर्गत सञ्चालित झोलुङ्गे पुल निर्माण तथा सम्बन्धित कार्यक्रमहरूमा सामाजिक परिचालन तथा सहजीकरण गर्नका लागि छनौट भएको गैरसरकारी संस्था मल्लरानी ग्रामीण विकास संस्था, प्यूठानको म्याद थप गर्ने सम्बन्धमा यो विषय कार्यपालिकामा पेस गरिएको हो।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयबस्तु**: प्यूठान नगरपालिकाको समपुरक कोषबाट सञ्चालन भइरहेको क्षेत्रगत झोलुङ्गे पुल (SWAP) कार्यक्रमअन्तर्गतका झोलुङ्गे पुल निर्माण कार्यहरू सम्पन्न गर्न बाँकी रहेको अवस्थामा सामाजिक परिचालन तथा सहजीकरणको कार्यसमेत निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यका लागि छनौट भएको मल्लरानी ग्रामीण विकास संस्थाको यस कार्यालयसंगको सम्झौताको म्याद २०८२/०८/१६ मा समाप्त हुने हुँदा २०८३ असार मसान्तसम्म थप गरी कार्यक्रम सञ्चालनमा सहजीकरण गरिदिन अनुरोध सहित चलानि नं. १३१ मिति २०८२/०८/१२ मा निवेदन पेस गरेको छ। निर्माण कार्यको प्रभावकारी कार्यान्वयन, उपभोक्ता समितिको परिचालन तथा कार्यक्रम सम्पन्न गर्न आवश्यक सहजीकरणलाई निरन्तरता दिन म्याद थप गर्नु उपयुक्त देखिएको हुँदा कार्यपालिकाबाट निर्णय हुन आवश्यक रहेको।

**३. प्रस्ताव पेस गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको समपुरक कोषबाट सञ्चालित क्षेत्रगत झोलुङ्गे पुल (SWAP) कार्यक्रमअन्तर्गतका झोलुङ्गे पुल निर्माण कार्यमा सामाजिक परिचालन तथा सहजीकरणका लागि छनौट भएको मल्लरानी ग्रामीण विकास संस्था, प्यूठान सग भएको सम्झौताको अवधि २०८२/०८/१६ मा समाप्त हुने हुँदा म्याद थपको लागि तहाँ संस्थाको मिति २०८२/०८/१२ चलानी नं. १३१ को निवेदन यस कार्यालयमा प्राप्त भएको र झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गर्न बाँकी रहेको हुँदा कार्यक्रम सम्पन्न गर्न आवश्यक सहजीकरणका लागि उक्त संस्थाको सम्झौताको म्याद २०८३ असार मसान्तसम्म थप गर्ने तथा सो सम्बन्धमा आवश्यक सम्झौता / कानुनी प्रक्रिया पूरा गर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिकाको समपुरक कोषबाट सञ्चालित क्षेत्रगत झोलुङ्गे पुल (SWAP) कार्यक्रमअन्तर्गतका झोलुङ्गे पुल निर्माण कार्यमा सामाजिक परिचालन तथा सहजीकरणका लागि छनौट भएको मल्लरानी ग्रामीण विकास संस्था, प्यूठान सँग भएको सम्झौताको अवधि २०८२/०८/१६ मा समाप्त हुने र झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गर्न बाँकी रहेको हुँदा कार्यक्रम सम्पन्न गर्न आवश्यक सहजीकरणका लागि उक्त संस्थाको सम्झौताको म्याद २०८२/०८/१७ देखि २०८३ असार मसान्तसम्म थप गर्ने तथा सो सम्बन्धमा आवश्यक सम्झौता/कानूनी प्रक्रिया पूरा गर्ने।

**५. कार्यपालिकाको निर्णय:**
**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम प्यूठान नगरपालिकाको समपुरक कोषबाट सञ्चालित क्षेत्रगत झोलुङ्गे पुल (SWAP) कार्यक्रमअन्तर्गतका झोलुङ्गे पुल निर्माण कार्यमा सामाजिक परिचालन तथा सहजीकरणका लागि छनौट भएको मल्लरानी ग्रामीण विकास संस्था, प्यूठानसँग भएको सम्झौताको अवधि २०८२/०८/१६ मा समाप्त हुने तथा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गर्न बाँकी रहेको हुँदा कार्यक्रमको**

प्रभावकारी कार्यान्वयनका लागि उक्त संस्थाको सम्झौताको म्याद २०८२/०८/१७ देखि २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो। म्याद थप सम्बन्धी आवश्यक सम्झौता तथा अन्य प्रक्रिया प्रचलित कार्यविधि र सम्झौताका सर्तबमोजिम पुरा गर्ने/गराउने निर्णय गरियो।"

नगर प्रमुख